# दशांश र उपवास भेटीहरू



सर्वशक्तिमान् परमेश्वरले भन्नुहुन्छ, “गोदाममा तिमीहरूका सबै दशांशहरू ल्याओ, ... र मलाई जाँच गरी हेर, मैले स्वर्गका ढोकाहरू खोलेर तिमीहरूलाई आशीष दिन्छु कि त्यहाँ राख्नका लागि पर्याप्त ठाउँ हुनेछैन ।”

(**मलाकी** ३:१०)

तपाईँका परमेश्वर पिताले तपाईँलाई माया गर्नुहुन्छ र तपाईँलाई तपाईँका जीवनका हरेक पक्षमा आशीषित गर्न चाहनुहुन्छ। उहाँले आफ्ना अगमवक्ताहरूद्वारा दिएका आज्ञाहरूले तपाईँलाई खुशी जीवन जिउन सहयोग गर्छ। दशांश तिर्ने आज्ञा, जुन अगमवक्ता जोसेफ स्मिथद्वारा दिइएको थियो, ले तपाईँलाई पृथ्वीमा परमेश्वरको राज्य बनाउने कार्यमा सहभागी हुने अवसर प्रदान गर्छ। यो आज्ञाप्रतिको आज्ञाकारिता पछिल्ला दिनका सन्तहरूको येशू ख्रीष्टको चर्चमा बप्तिस्मा लिन एउटा आवश्यकता हो।

*दशांश तिर्ने आज्ञा पालना गर्नेहरूलाई महान आशिषहरूको प्रतिज्ञा गरिएको छ।*

## दशांश के हो ?

दशांश भनेको आफ्नो आम्दानीको दशौँ भाग परमेश्वरको चर्चलाई अनुदान दिनु हो। यो आज्ञा पुरानो करारको समय देखिको हो। अगमवक्ता मलाकीले दशांशको महत्व र यो नियम पालना गर्दा आउने आशीषहरूका बारेमा सिकाउनु भयो:

सर्वशक्तिमान् परमेश्वरले भन्नुहुन्छ, “गोदाममा तिमीहरूका सबै दशांशहरू ल्याओ, … र मलाई जाँच गरी हेर, मैले स्वर्गका ढोकाहरू खोलेर तिमीहरूलाई आशीष दिनेछु कि त्यहाँ राख्नको लागि पर्याप्त ठाउँ हुनेछैन।” (मलाकी ३:१०)

१८३८ मा परमेश्वरले अगमवक्ता जोसेफ स्मिथद्वारा यो आज्ञालाई दोहोऱ्याउनु भयो:

"मेरा मानिसहरूले... वर्षेनि आफ्नो सबै आम्दानीको दशौँ भाग तिर्नेछन्; र यो सदाका लागि उनीहरूका लागि एउटा जीवित नियम हुनेछ" (सिद्धान्त र करारहरू ११९:३–४)।

तपाईंका दशांशहरू परमेश्वरका लागि पवित्र छन, र तपाईंले दशांश तिरेर उहाँलाई सम्मान गर्नुहुन्छ। दशांश तिर्नु तपाईंका परमेश्वर र उहाँको कार्यप्रतिको आस्था प्रकट गर्नु हो।

## मैले किन दशांश तिर्नु पर्छ ?

तपाईंको जीवनमा भएका हरेक राम्रा कुरा तपाईंका प्रिय परमेश्वर पिताबाट एउटा उपहार हो। जब तपाईंले उहाँलाई दश प्रतिशत फिर्ता गर्नुहुन्छ, तपाईंले तपाईंको माया, आस्था, र कृतज्ञता व्यक्त गर्नुहुन्छ। तपाईंले परमेश्वरलाई यो देखाउनु हुन्छ कि गाह्रो भए तापनि तपाईंले उहाँलाई पछ्याउनु हुनेछ। तपाईंले उहाँलाई यो देखाउनु हुन्छ कि तपाईंले पैसा वा भौतिक कुराहरूमा आस्था राख्नु भन्दा उहाँमा निर्भर हुनुहुनेछ। तपाईंको आस्थाका कारण तपाईंका परमेश्वरले त्यस्ता आशीषहरूको प्रतिज्ञा गर्नुहुन्छ जुन तपाईंले त्याग गर्ने कुनै पनि चीज भन्दा धेरै महान् छन्।

केही व्यक्तिलाई आफ्नो आम्दानीको दशौँ भाग तिर्नसक्ने कुरामा विश्वास गर्न गाह्रो भए तापनि, आस्थावान् भई दशांश तिर्नेहरूका लागि सत्य र अनौठो तरिकाले स्वर्गका ढोकाहरू खुलेका छन् र आशीषहरू उनीहरू माथि वर्षाइएका छन्। एक विधवा आमाले आफ्नो छोरालाई व्याख्या गरिन्, "मैले तिमीहरूलाई परमेश्वरका आशीष बिना हुर्काउन सक्दिन, र मैले ती आशीषहरू इमानदारितापूर्वक दशांश तिरेर प्राप्त गर्छु। जब मैले मेरो दशांश तिर्छु, परमेश्वरले हामीहरूलाई आशीषित गर्ने प्रतिज्ञा प्राप्त गर्छु। अघि बढ्नु छ भने हामीलाई ती आशिषहरू चाहिन्छन्" (दालिन एच. ओक्स्, *Ensign*, मे १९९४, ३३)।





आत्मिक शक्ति परमेश्वरमा निभर्र गर्दा प्राप्त हुन्छ। जब हामी जीवनका कठिन चुनौतीहरू सामना गर्छौं, हामीलाई बढी आस्था, प्रेरणा, र साहस चाहिन्छ। हामीले दशांशको नियम पालना गरेको प्रतिफल स्वरुप यी आशीषहरू स्वर्गका ढोकाहरूबाट खन्याइन सकिन्छन्।

*दशांश तिर्दा येशू ख्रीष्ट प्रतिको तपाईंको विश्वास देखाउँछ। जब तपाईं उहाँमा निर्भर गर्नुहुन्छ, तपाईंले तपाईंको जीवनमा चाहिने शक्ति, मार्गदर्शन, र समर्थन प्राप्त गर्नुहुनेछ।*

धेरै मानिसहरूले उनीहरूले आस्थापूर्वक दशांश तिरेका कारण आफ्नो वित्तीय व्यवस्थापन र आवश्यकता पूरा गर्न अझ सफल भएको पाएका छन्। दशांश तिर्नाले हाम्रो भौतिक वस्तुहरूप्रतिको मोहोलाई नियन्त्रण गर्न र आफ्ना साथीभाइप्रति इमान्दार हुन सिकाउँछ। हामीले यो कुराको विश्वास गर्न सिक्छौं कि जे हामीलाई परमेश्वरको आशीषबाट र हाम्रो स्वयम्को मिहनेतले दिइएको छ, त्यो नै हाम्रो आवश्यकताका लागि पर्याप्त छ।



तपाईँले जति आम्दानी गरे तापनि, तपाईँले दशांश तिरेमा तपाईँ आशीषित हुनुहुनेछ। जब येशू ख्रीष्टले एउटा महिलाले आफ्ना केही सिक्काहरू मन्दिरको कोषमा राखेको देख्नुभयो, उहाँले आफ्ना चेलाहरूलाई भन्नुभयो, “यी विधवा महिलाले कोषमा राख्नेहरूमध्ये सबै भन्दा बढी राखेकी छन्: किनभने उनीहरूले आफ्ना प्रशस्ततामा राखे तर उसले आफूसँग भएको सबै दिइन्” (मार्क १२:४३–४४)।

## *दशांश कोषलाई कसरी प्रयोग गरिन्छ ?*

दशांश परमेश्वरको चर्चका लागि वित्तीय नियम हो । दशांश अनुदानहरूलाई जहिले पनि परमेश्वरको कार्यमा प्रयोग गरिन्छ, जुन उहाँले उहाँका सेवकहरूको एक परिषदद्वारा प्रकट गर्नुहुन्छ । ती केही प्रयोजनहरू:

- मन्दिर, च्यापल, र अरु चर्चका भवनहरू निमाण र रेखदेख गर्न ।
- स्थानीय चर्चका भेलाका क्रियाकलापहरू परिचालनमा सहयोग गर्न ।
- शिक्षा र पारिवारिक इतिहास अनुसन्धान लगायतका चर्चका कार्यक्रमहरूलाई सहयोग गर्न ।

दशांश गोप्य रुपमा तिरिन्छ र अनुदान सम्बन्धि जानकारीहरू पूर्णरुपले गोप्य राखिन्छ ।



## उपवास र उपवास भेटीहरू

दशांशका अतिरिक्त परमेश्वरले हामीलाई गरीब र दुःखीलाई सहयोग गर्न हाम्रा चीजहरू दिन आज्ञा दिनुभएको छ । यसो गर्ने एउटा तरीका भनेको उपवास बस्ने र दुई छाकका लागि कुनै पनि खाना वा पेय पदार्थ नपिउने हो । परमेश्वरले आगमवक्ता जोसेफ स्मितद्वारा उपवासको सिद्धान्त पुनर्स्थापना गर्नुभएको हो, चर्चले महिनाको पहिलो आइतबार उपवासको दिन भनेर तोकेको छ । उपवास, जुन जहिले पनि सत्य चर्चको सूचक रही आएको छ, यो आत्मिक नवीकरण र स्वर्गीय पिता नजिक जाने अवसर हो ।

उपवास भेटीका रुपमा, चर्चका सदस्यहरूले गरीब र दुःखीहरूलाई सहयोग गर्नका लागि उदार उपवास भेटी दिन्छन् । यो भेटी कम्तिमा त्यो सदस्यले उपवास बस्दा दुई छाक नखाएको खानाको मूल्य बराबर हुनुपर्छ । यी कोषहरू स्थानीय र संसारभरी नै आवश्यकतामा रहेका व्यक्तिहरूलाई गास, वास र अरु आवश्यकताहरू पूरा गर्न प्रयोग गरिन्छ ।

उपवास भेटीहरूका लागि कुनै निश्चित अनुदान रकम तोकिएको छैन । जब तपाईंले उदारतापूर्वक यी कोषहरूमा दान गर्नुहुन्छ, तपाईंको अरुलाई सहयोग गर्ने इच्छाले तपाईं दुवै आत्मिक र भौतिक रूपले आशीषित हुनु हुनेछ ।





## थप अध्ययन

यी प्रश्नहरू र धर्मशास्त्रहरूले यो पुस्तिकामा भएका सिद्धान्तहरूमा अझै गहिरो अध्ययन गर्न सहयोग गर्नेछ। धर्मशास्त्रहरूमा फुटनोटहरू र प्रतिसङ्केतहरूले तपाईंलाई यी सिद्धान्तहरूका बारेमा थप अनुच्छेदहरू र सामग्रीहरूलाई सङ्केत गर्नेछन्।

### किन दशांश महत्वपूर्ण छ ?

लेबीहरू २७:३० (बाइवल, पुरानो करार)

लुका १२:१६–२१ (बाइवल, नयाँ करार)

### दशांश तिर्दा के आशीषहरू प्राप्त हुन्छन् ?

मलाकी ३:८–१२ (बाइवल, पुरानो करार; ३ नफी २४:८–१२ पनि हेर्नुहोस्, मरमनको पुस्तक, पृष्ठ ४५५ )

मत्ती ६:३१–३३ (बाइवल, नयाँ करार; ३ नफी १३:३१–३३ पनि हेर्नुहोस्, मरमनको पुस्तक, पृष्ठ ४३५)


"दशांश," *True to the Faith* (धर्मप्रचारकहरू वा चर्चका कुनै एक सदस्यले यो पुस्तकको एकप्रति उपलव्ध गराइदिन सक्छ। तपाईंले यो अनलाईन् मा www.mormon.org मा पनि पाउन सक्नु हुन्छ)

### मैले कसरी गरीब र दु:खीलाई सहयोग गर्न सक्छु ?

यशैया ५८:६–७ (बाइवल, पुरानो करार)

मत्ती १९:२१ (बाइवल, नयाँ करार)

मोसाया ४:२६ (मरमनको पुस्तक, पृष्ठ १५७)




# म के गरौं ?

- मरमनको पुस्तक पढ्नुहोस्
  पढ्ने सुझावहरू: ______________________________
  ______________________________

- पूर्ण दशांश तिर्न थाल्नुहोस् । यो आज्ञा पालना गर्न सहयोगका लागि प्रार्थना गर्नुहोस् ।

- यो आइतबार चर्च जानुहोस् ।

- बप्तिस्माका लागि तयारी गर्नुहोस् ।
  बप्तिस्माको मिति: ______________________________

- पछिल्ला दिनका सन्तहरूको येशू ख्रीष्टको चर्चको बारेमा अझै बढी जान्नका लागि www.mormon.org मा जानुहोस् ।

- कसरी परमेश्वरका आज्ञाहरूले तपाइँको जीवनलाई आशीषित गर्न सक्छ भन्ने कुरा थाहा पाउन धर्मप्रचारकहरूसँग सम्पर्क गर्नुहोस् ।

  अर्को भेट गर्ने समय: ______________________________

  धर्मप्रचारकहरूका नाम र सम्पर्क नम्बर: ______________________________
  ______________________________
  ______________________________
  ______________________________

THE CHURCH OF
JESUS CHRIST
OF LATTER-DAY SAINTS

www.mormon.org.uk

NEPALI
4 02123 54372 1
12354 372

**तस्विरको श्रेयहरू**
अगाडिको पाना, *Christ and the Rich Young Ruler* बाट वर्णन, हेनरिच होफ्मेनद्वारा, सौजन्य: C. Harrison Conroy Co., Inc.
पृष्ठ ८, *All That She Had* बाट वर्णन, सिमोन दिवीद्वारा । © सिमोन दिवी
पृष्ठ ५, ६, १३ स्टिभ बन्डरशनद्वारा । © स्टिभ बन्डरशन
© 2007 by Intellectual Reserve, Inc. सर्वाधिकार सुरक्षित । यू.एस.ए. मा मुद्रित ।
अङ्ग्रेजी अनुमोदन: २/०६ । अनुवाद अनुमोदन: २/०६ । दशांश र उपवास भेटीहरूको अनुवाद । भाषा: Nepali . 12354 372